# नेपाल एशोसिएशन फर सफ्टवेयर एण्ड आई.टी. सर्भिसेस् कम्पनीज्

# सदस्यता प्राप्ति तथा नविकरण कार्यविधि, २०८०

नेपाल एशोसिएशन फर सफ्टवेयर एण्ड आई.टी. सर्भिसेस् कम्पनीज्को मिति २०८०/०७/१५ गते बसेको संचालक समितिको बैठकले कम्पनीको प्रबन्ध पत्र २०८० तथा नियमावली २०८० को अधिनमा संचालक समितिले आफ्नो अधिकार प्रयोग गरी यस नेपाल एशोसिएशन फर सफ्टवेयर एण्ड आई.टी. सर्भिसेस् कम्पनीज्को सदस्यता प्राप्ति तथा नविकरण कार्यविधि, २०८० बनाई लागु गरिएको छ ।

## १. नाम र प्रारम्भ :

(१) यो कार्यविधिको नाम "नेपाल एशोसिएशन फर सफ्टवेयर एण्ड आई.टी. सर्भिसेस् कम्पनीज्को सदस्यता प्राप्ति तथा नविकरण कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि नेपाल एशोसिएशन फर सफ्टवेयर एण्ड आई.टी. सर्भिसेस् कम्पनीज्को संचालक समितिले स्वीकृत गरि तोकेको दिनबाट लागु हुनेछ र पछि नियमित वार्षिक साधारण सभाबाट अनुमोदन गराईनेछ ।

## २. परिभाषा :

(क) **"ऐन"** भन्नाले कम्पनी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) **"संस्था"** भन्नाले नेपाल एशोसिएशन फर सफ्टवेयर एण्ड आई.टी. सर्भिसेस् कम्पनीज् सम्झनु पर्छ ।

(ग) **"नियमावली"** भन्नाले संस्थाको नियमावली २०८० सम्झनु पर्छ ।

(घ) **"प्रबन्धपत्र"** भन्नाले संस्थाको प्रबन्धपत्र २०८० सम्झनु पर्छ ।

(ङ) **"कार्यविधि"** भन्नाले सदस्यता प्राप्ति तथा नविकरण कार्यविधि, २०८० सम्झनु पर्छ ।

(च) **"समिति"** भन्नाले संस्थाको संचालक समिति सम्झनु पर्छ ।

(छ) **"अध्यक्ष"** भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ज) **"सञ्चालक"** भन्नाले समितिको सदस्य संझनु पर्छ र सो शव्दले ऐनको दफा ८७ बमोजिम नियुक्त भएका वैकल्पिक सञ्चालक समेतलाई जनाउंछ ।

(झ) **"सदस्य"** भन्नाले यस कार्यविधि बमोजिम प्राप्ति हुन आउने सदस्य सम्झनु पर्छ ।

(ञ) **“सदस्यता समिति”** भन्नाले यस कार्यविधिको दफा १७ बमोजिम गठन गरिएको समिति सम्झनु पर्छ ।

(ट) **“नविकरण”** भन्नाले यस कार्यविधिमा निर्धारण गरिएबमोजिम हुने सदस्यता नविकरण को कार्यलाई जनाउने छ ।

(ठ) **“सभा”** भन्नाले संचालक समितिको वार्षिक साधारण सभा र विशेष साधारण सभा सम्झनु पर्छ ।

(ड) **“कार्यालय”** भन्नाले संस्थाको रजिष्टर्ड कार्यालय संझनु पर्छ ।

(ढ) **“अनुसूची”** भन्नाले यस कार्यविधिमा उल्लेखित अनुसूची सम्झनु पर्छ ।

(ण) **“संस्थागत कर्पोरेट सदस्य”** भन्नाले कम्पनीको प्रबन्ध पत्र २०८० को दफा ९.१ मा उल्लेख भएबमोजिमको कम्पनीको सदस्यलाई जनाउने छ ।

(त) **“संस्थागत एशोसिएट सदस्य”** भन्नाले भन्नाले कम्पनीको प्रबन्ध पत्र २०८० को दफा ९.२ मा उल्लेख भएबमोजिमको कम्पनीको सदस्यलाई जनाउने छ ।

(थ) **“मानार्थ सदस्य”** भन्नाले कम्पनीको प्रबन्ध पत्र २०८० को दफा ९.३ मा उल्लेख भएबमोजिमको कम्पनीको सदस्यलाई जनाउने छ ।

(द) **“आजिवन सदस्य”** भन्नाले कम्पनीको प्रबन्ध पत्र २०८० को दफा ९.१ (छ) मा उल्लेख भएबमोजिमको कम्पनीको संस्थागत कर्पोरेट सदस्यलाई जनाउने छ ।

## ३. संस्थाको सदस्यताको वर्गिकरण :

(१) यस कार्यविधि बमोजिम प्राप्ति हुन आउने सदस्यतालाई निम्नबमोजिम वर्गिकरण गरिनेछ :

(क) संस्थागत कर्पोरेट सदस्य

(ख) संस्थागत एशोसिएट सदस्य

(ग) मानार्थ सदस्य

(घ) आजिवन सदस्य

(२) यस संस्थामा सामान्यतया संस्थागत कर्पोरेट र एशोसिएट सदस्यता प्रदान गरिने छ ।

(३) संस्थागत एशोसिएट सदस्यता प्राप्त गर्न सम्बन्धित कम्पनी ३ (तीन) वर्ष भन्दा बढी अवधिको लागि दर्ता भएको हुनु हुँदैन । तर, संस्थागत कर्पोरेट सदस्यता, मानार्थ सदस्यता र आजिवन सदस्यता प्राप्तिको लागि भने त्यस्तो समयावदि तोकिएको छैन ।

(४) यस कार्यविधिमा जेसुकै कुरा उल्लेख भएतापनि आजिवन सदस्यता लिने सदस्यले सदस्यता नविकरण गर्नुपर्ने छैन ।

(५) तर, आजिवन सदस्यले यस कार्यविधिको दफा (१४) मा उल्लेख भए बमोजिम अध्यावधिक वा नविकरणको प्रमाण र करचुक्ता प्रमाणपत्र वा सो सरहको पत्र सोही दफामा उल्लेखित प्रक्रिया बमोजिम संस्थामा बुझाउनु पर्नेछ । उक्त कागजात नबुझाएमा सम्बन्धित आजिवन सदस्यता निलम्बनमा रहनेछ ।

(६) मानार्थ सदस्यता संस्थाले विशेष अवस्थामा आवश्यकता हेरि सदस्यता समितिले गरेको सिफारिशको आधारमा संचालक समितिको निर्णयबमोजिम प्रदान गरिनेछ । यसका लागि प्रबन्ध पत्र तथा नियमावलीमा तोकिएको योग्यता भने पुरा भएको हुनुपर्नेछ ।

(७) उपदफा (१) मा उल्लेखित चार किसिमका सदस्यहरु बाहेक कम्पनीले अन्य कुनै वर्गको सदस्यता दिन आवश्यक भएमा समितिको निर्णयले कम्पनीको प्रबन्धपत्र र नियमावलीको अधिनमा रहि उक्त सदस्यता दिन सक्नेछ ।

४. **संस्थाको सदस्यता प्राप्त गर्ने प्रक्रिया :**

(१) संस्थाको सदस्य हुन चाहने कम्पनी वा संघ संस्थाले संस्थाको मुख्य कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ । सो निवेदन संस्थाको आधिकारिक वेबसाइट (Official Website) मा समेत बुझाउन सकिन्छ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन र सो साथ संलग्न कागज प्रमाण र दफा (५) को उपदफा (२) बमोजिमको असमर्थताको निवेदनका सम्बन्धमा सदस्यता समितिले जाँचबुझ गरी मनासिव देखिएमा निवेदन प्राप्त गरेको ६० दिन भित्र समितिलाई सिफारिश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त सिफारिशमा र दफा (५) को उपदफा (२) बमोजिमको निवेदनमा छलफल गर्दा मनासिव देखिएमा संचालक समितिले सदस्यता दिन स्वीकृति दिनेछ ।

(४) संचालक समितिद्धारा स्वीकृति भएको अवस्थामा सदस्यता समितिले निवेदक कम्पनीवा संघ संस्थालाई ईमेलद्धारा सुचना दिई सदस्यता शुल्क भुक्तानी गर्न जानकारी गराउने छ।

(५) यसरी माथि उल्लेख भएबमोजिमको सुचना प्राप्त भएपछि १५ (पन्ध्र) दिन भित्र तोकिएको शुल्क भुक्तानी गरेमा सम्बन्धित कम्पनीलाई अनुसूची-२ बमोजिमको ढाँचामा सदस्यता प्रमाणपत्र दिनू पर्नेछ । तर, तोकिएको समयावधि भित्र शुल्क भुक्तानी नभएमा सदस्यता प्राप्तिको प्रक्रिया स्वतः अन्त्य हुनेछ ।

## ५. <u>सदस्यता प्राप्त गर्न आवश्यक कागजातहरु :</u>

(१) यस कार्यविधि बमोजिम दर्ता हुन आउने संस्थागत कर्पोरेट सदस्य र संस्थागत एशोसिएट सदस्यले दफा (४) को उपदफा (१) बमोजिमको निवेदन सहित निम्न बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ :

(क) कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) संचालक समितिको निर्णयको प्रतिलिपि वा सो सरहको अख्तियार प्राप्त अधिकारीको निवेदन,

(ङ) आधिकारीक प्रतिनिधिको नागरिकताको प्रतिलिपि,

(च) सदस्यता समिति वा संस्थाको संचालक समितिको निर्णय बमोजिम निर्धारित अन्य आवश्यक कागजातहरु।

(२) कुनै विशेष कारणले संस्थाको सदस्य हुन चाहने कम्पनी वा संघ संस्थाले उप-नम्बर (१) बमोजिमको कागजात बुझाउन असमर्थ भएमा सो कारण खुलाई सदस्यता समिति समक्ष निवेदन दिनु पर्नेछ । उक्त निवेदन मुनासिफ देखिएमा कारण खुलाई सदस्यता समितिले दफा (४) को उपदफा (२) बमोजिमको सिफारिस उल्लेख गरि संस्थाको संचालक समितिलाई सिफारिस गर्नुपर्नेछ ।

## ६. <u>सदस्य हुन आवश्यक योग्यता :</u>

(१) संस्थाको सदस्य हुन निवेदक कम्पनी वा संघ संस्थाको निम्न बमोजिमको योग्यता हुनु पर्नेछ :

(क) सूचना तथा प्रविधि (Information Technology) तथा सूचना तथा प्रविधिद्वारा दिइने सेवाहरु (Information Technology Enabled Services) का क्षेत्रसँग सम्बन्धित र यससँग सम्बन्धित अन्य विषयका विविध विधामा अनुसन्धान गरी सोही क्षेत्रमा व्यवसायिक कार्य गर्ने गरि स्थापित भएको स्वदेशी वा विदेशी कम्पनीको शाखाहरु भएको हुनु पर्दछ ।

(ख) कुनै पनि राजनीतिक दल तथा सोको भातृ संगठन वा त्यसबाट निर्देशित संस्था नभएको हुनु पर्दछ ।

(ग) सदस्यता प्राप्त गर्ने संघ संस्थाको नियमित रुपमा प्रचलित कानूनबमोजिम सम्बन्धित सरकारी तथा नियामक निकायहरुमा नविकरण वा अध्यावधिक भएको तथा कर चुक्ता प्रमाण पत्र प्राप्त भएको हुनु पर्नेछ ।

## ७. <u>सदस्यको आधिकारिक प्रतिनिधिको नियुक्ति र योग्यता :</u>

(१) सदस्यको प्रतिनिधित्व गर्न सदस्यले एक आधिकारिक प्रतिनिधि तथा थप एक वैकल्पिक प्रतिनिधि समेत नियुक्त गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम नियुक्त आधिकारीक प्रतिनिधिको योग्यता निम्नबमोजिमको हुनु पर्नेछः

(क) १८ वर्ष पुरा गरेको,

(ख) मानसिक सन्तुलन नगुमाएको,

(ग) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरिएको,

(घ) नैतिक पतन देखिने फौजदारी तथा भ्रष्टाचारको अभियोगमा सजाय नपाएका,

(ङ) नेपाली नागरिक रहेको ।

(३) तर यसरी नियुक्त हुने प्रतिनिधि संचालक, शेयरधनी वा कम्तीमा व्यवस्थापनको उच्च तहमा कार्यरत व्यक्ति भने अनिवार्य हुनुपर्नेछ र बाहिरी वा असम्बन्धित व्यक्तिलाई प्रतिनिधि वा वैकल्पिक प्रतिनिधि समेत तोकि पठाउन पाईने छैन ।

(४) सदस्यको आधिकारिक प्रतिनिधि परिवर्तन भएमा सो कुराको सूचना यस संस्थामा दिनू पर्नेछ ।

## ८. सदस्यको हक अधिकार :

(१) सदस्यता प्राप्त गर्ने सदस्यहरुलाई संस्थाको कुनैपनि आमन्त्रित कार्यक्रममा भाग लिने र आफ्नो भनाई राख्ने अधिकार प्राप्त हुनेछ ।

(२) तर कर्पोरेट सदस्य र आजिवन सदस्य बाहेक अन्य सदस्यलाई मतदान गर्ने अधिकार भने प्राप्त हुने छैन ।

(३) मानार्थ सदस्यले सम्बन्धित स्थानमा कम्पनीको प्रतिनिधित्व गर्ने गरि निजहरुलाई संस्थाको आधिकारिक प्रतिनिधिको रुपमा संचालक समितिले निर्णय गरि तोक्न भने सक्नेछ ।

## ९. संस्थागत एशोसिएट सदस्य कर्पोरेट सदस्यमा परिणत हुने :

(१) यस कार्यविधि बमोजिम यस संस्थाको संस्थागत एशोसिएट सदस्यता प्राप्त गरेका कम्पनी वा संघ संस्थाले संस्थागत कर्पोरेट सदस्यता लिन चाहेमा निर्धारित शुल्क भुक्तान गर्ने गरी अनुसूची-३ बमोजिमको ढाँचामा आवेदन दिई सञ्चालक समितिको निर्णयानुसार संस्थागत कर्पोरेट सदस्यता प्राप्त गर्न सक्नेछ ।

(२) संस्थागत एशोसिएट सदस्यता प्राप्त गरेका कम्पनी वा संघ संस्थाले आफु संचालनमा रहेको ३ (तीन) वर्षको कार्यकाल समाप्त गरिसकेपछि उक्त कम्पनी वा संघ संस्थाले आगामी आषाढ मसान्तभित्र यस संस्थामा सदस्यता नविकरण गर्दा संस्थागत कर्पोरेट सदस्यतामा आफुलाई परिणत गनुपर्नेछ । तर यसरी संस्थागत एशोसिएट सदस्यताबाट संस्थागत कर्पोरेट सदस्यमा परिणत नभएको खण्डमा उक्त कम्पनी वा संघ संस्थाको संस्थागत एशोसिएट सदस्यता रद्द हुनेछ ।

(३) तर कुनै पनि संस्थागत कर्पोरेट सदस्य संस्थागत एशोसिएट सदस्यमा परिणत हुन सक्नेछैनन् ।

(४) यस प्रावधानको प्रयोजनको लागि सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।

## १०. संस्थागत एशोसिएट सदस्य र कर्पोरेट सदस्य आजिवन सदस्यमा परिणत हुने :

(१) यस कार्यविधि बमोजिम यस संस्थाको संस्थागत एशोसिएट सदस्यता र संस्थागत कर्पोरेट सदस्यता प्राप्त गरेका कम्पनी वा संघ संस्थाले आजिवन सदस्यता लिन चाहेमा निर्धारित शुल्क भुक्तान गर्ने गरी अनुसूची-३ बमोजिमको ढाँचामा आवेदन दिई सञ्चालक समितिको निर्णयानुसार संस्थागत आजिवन सदस्यता प्राप्त गर्न सक्नेछ ।

(२) तर कुनै पनि आजिवन सदस्य, संस्थागत कर्पोरेट सदस्य वा संस्थागत एशोसिएट सदस्यमा परिणत हुन सक्नेछैनन् ।

(३) यस प्रावधानको प्रयोजनको लागि सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।

## ११. सदस्यता प्राप्त गर्न अयोग्य हुने :

(१) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएता पनि, देहाय बमोजिमका संस्थाहरुले यस संस्थाको कुनैपनि सदस्यता प्राप्त गर्नसक्ने छैनन् ।

(क) सूचना तथा प्रविधि सम्बन्धी हार्डवेयर तथा सफ्टवेयर बिक्री, प्राप्ति गर्ने तथा हार्डवेयर तथा सफ्टवेयरसँग सम्बन्धित डेभलोपिङ्ग एण्ड प्रोडक्टसन (Developing and Production) को मुख्यकार्य गर्ने बाहेकका अन्य शैक्षिक संस्था र व्यापार गर्ने कम्पनी वा संस्थाहरु ।

(ख) दुरसञ्चार कम्पनीहरु र ईन्टरनेट सेवाप्रदायकहरु ।

(ग) बैंक तथा वित्तिय संस्थाहरु ।

(घ) हार्डवेयर नेटवर्कीङ्ग कम्पनीहरु ।

(ङ) डेटासेन्टर लगायतका डेटासेन्टर सम्बन्धी सेवा प्रदान गर्ने संस्थाहरु ।

## १२. सदस्यता शुल्क :

(१) संस्थाको संस्थागत कर्पोरेट सदस्यता प्राप्त गर्न चाहने कम्पनी वा संघ संस्थाले सदस्यता शुल्क बापत रू.१,००,०००/- (एक लाख) बुझाउनु पर्नेछ ।

(२) संस्थागत एशोसिएट सदस्यता प्राप्त गर्न चाहने कम्पनी वा संघ संस्थाले सदस्यता शुल्क बापत रु.१०,०००/- (दश हजार) बुझाउनु पर्नेछ ।

(३) आजीवन सदस्यता प्राप्त गर्न शुल्क बापत एकमुष्ठ रू.७,५०,०००/- (सात लाख पचास हजार) बुझाउनु पर्नेछ ।

(४) सदस्यता शुल्क समितिले सदस्यता दिन स्वीकृति गरेको १५ दिन भित्रमा संस्थाको बैंक खातामा वा Online payment गरि जम्मा गरिसक्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम शुल्क बुझाएको प्रमाण सदस्यता प्राप्त गर्न चाहने कम्पनी वा संघ संस्थाले यस संस्थामा पेश गरि प्रमाणित गरेपश्चात मात्र मान्य हुनेछ ।

(६) माथि उल्लेखित सदस्यता शुल्क आवश्यकतानुसार प्रबन्ध पत्र तथा नियमावलीको अधिनमा रहि संचालक समितिले बेलाबेलामा निर्धारण गरेबमोजिम हुनेछ ।

**१३. सदस्यता तथा नविकरण शुल्कमा छुट हुने व्यवस्था :**

(१) कुनै कारणले गर्दा सदस्यता तथा नविकरण शुल्कमा छुट प्राप्त गर्न चाहेमा त्यस्तो सदस्यता प्राप्त गर्न चाहने कम्पनी वा संघ संस्थाले अनुसूची-४ बमोजिमको ढाँचामा निवेदन दिनू पर्नेछ ।

(२) यस प्रावधानको प्रयोजनको लागि सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।

**१४. सदस्यता नविकरण शुल्क र विधि :**

(१) तोकिए बमोजिमको नविकरण शुल्क भुक्तान गरी वार्षिक रुपमा सदस्यता नविकरण गर्न सकिनेछ :

(क) संस्थागत कर्पोरेट सदस्यले वार्षिक नविकरण शुल्क रु.५०,०००/- (पचास हजार) बुझाउनु पर्नेछ ।

ख) संस्थागत एशोसिएट सदस्यले वार्षिक नविकरण शुल्क रु. ५,०००/- (पाँच हजार) बुझाउनु पर्नेछ ।

(ग) संस्थागत कर्पोरेट सदस्य, एशोसिएट सदस्य र आजीवन सदस्यले प्रत्येक आ.व. पछिको अन्तिममा (आषाढ मसान्तभित्र) आवश्यक अध्यावधिक वा नविकरणको प्रमाण र कर चुक्ता प्रमाणपत्र वा सो सरहको पत्र संलग्न गरि आवेदन गरि सदस्यता नवीकरण गराई सक्नु पर्नेछ ।

(घ) त्यसपछिको हकमा ९ (नौ) महिना सम्म २५% थप दस्तुर बुझाई सदस्यता नवीकरण गर्न सकिनेछ, र सो अवधि पश्चात सदस्यता स्वतः खारेज हुनेछ तथा पुनः सदस्यता प्राप्त गर्दा नयाँ सदस्य सरहको प्रक्रिया पुरा गर्नुपर्नेछ ।

## १५. <u>सदस्यता हस्तान्तरण नहुने :</u>

(१) कम्पनीको सदस्यता कुनै किसिमले हस्तान्तरण हुन सक्ने छैन ।

## १६. <u>सदस्यता समाप्त हुने अवस्था :</u>

(१) यस संस्थाको सदस्यको सदस्यता देहायको अवस्थामा कायम रहने छैन ।

(क) संस्थाको सदस्यताबाट राजीनामा दिएमा ।

(ख) संस्थागत सदस्यको हकमा संस्था विघटन भएमा, वा अन्य सस्थांसंग गाभिएमा वा नविकरण नभएमा ।

(ग) संस्थाको सदस्य दामासाहीमा परेमा ।

(घ) प्रचलित कानून बमोजिम संस्थाको सदस्य कायम रहन अयोग्य भएमा ।

(ङ) संस्थागत सदस्यको हकमा संस्थाले आफ्नो कार्यक्षेत्र परिवर्तन गरी संस्थाको सदस्यता प्राप्त गर्ने हैसियत नरहने भएमा ।

(च) संस्थाको काम कारवाहीमा बेइमानी वा बद्नियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

(छ) संस्थाको साधारण सभाको ७५% सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

(ज) यस संस्थाको सदस्यता प्राप्त गरीसकेको कम्पनी वा संघ संस्थाले कुनै कागजात पेश नगरेको वा यस कार्यविधि बमोजिमको प्रक्रिया पुरा नगरी सदस्यता लिएको खुल्न आएमा ।

(झ) दफा (९) को उपदफा (३) बमोजिम संस्थागत एशोसिएट सदस्यता प्राप्त गरेका कम्पनी वा संघ संस्था, संस्थागत कर्पोरेट सदस्यमा परिणत नभएमा ।

(ञ) यस संस्थाको प्रबन्धपत्र वा नियमावली बमोजिम गर्न नहुने, भनी तोकिएको कुनै कार्य गरेमा ।

(ट) तर, कुनै संस्थालाई सदस्यता प्राप्त गर्न वा सदस्यको रुपमा कायम रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई उचित सफाईको मौका भने अनिवार्य रुपमा दिइनेछ ।

(२) यस संस्थाको सदस्यको सदस्यता कायम नरहने थप अवस्था:

(क) संस्थाको सदस्य भएपश्चात नियमित रुपमा संस्थाले गर्ने निर्णयहरुको पूर्णतया पालना गर्नुपर्नेछ । आवश्यकतानुसार संचालक समितिको निर्णयबमोजिम आयोजना हुने कार्यक्रमहरुमा भाग लिई तोकिएको जिम्मेवारी पुरा गर्नुपर्नेछ । तर, तीन पटक भन्दा बढी तोकिएको भूमिका निर्वाह नगरेमा संचालक समितिले सदस्यता निलम्बन वा खारेजी समेत गर्न सक्नेछ ।

(ख) संचालक समितिबाट गठन हुने कुनैपनि समिति, उपसमिति तथा अन्य कुनैपनि इकाईहरुमा रहि कार्य गर्नुपर्नेछ । तर, तीन पटक भन्दा बढी तोकिएको भूमिका निर्वाह नगरेमा संचालक समितिले सदस्यता निलम्बन वा खारेजी समेत गर्न सक्नेछ ।

(ग) संस्थाको निर्णय सामुहिक रुपमा सबै सदस्यहरुलाई लागु र बाध्यकारी हुनेछ, कुनैपनि सदस्यले संस्थाको निर्णय विपरित हुने गरि कार्य गरिएको भेटिएमा संचालक समितिले सदस्यता निलम्बन वा खारेजी समेत गर्न सक्नेछ ।

(घ) कुनैपनि संस्थागत गोपनियताका कुराहरु संस्थाका पदाधिकारी तथा सदस्यहरुले बाहिरी व्यक्ति वा संस्था/कम्पनीहरुसंग भंग गर्न गराउन पाईने छैन । यसको बर्खिलाप हुने गरि कार्य गरेको अवस्थामा संचालक समितिले आवश्यक कारवाही गरि अवस्था अनुसार सदस्यता निलम्बन वा खारेजी समेत गर्न सक्नेछ ।

(ङ) यसरी माथि उल्लेखित कुनैपनि अवस्थामा सदस्यहरु उपर कारवाही हुँदा संचालक समितिले कारवाही गर्नुपुर्व सम्बन्धित सदस्यलाई आवश्यक सफाई दिने पर्याप्त मौका भने दिनु पर्नेछ ।

**१७. <u>सदस्यता समितिको गठन :</u>**

१) यस कार्यविधिको उद्देश्य प्राप्ति गर्न संचालक समितिको निर्णय बमोजिम एक सदस्यता समितिको गठन हुनेछ ।

२) सदस्यता समितिमा देहायका तिनजना सदस्यहरु रहने छन् :-

क) संचालक समितिको विद्यमान उपाध्यक्ष एकजना - अध्यक्ष

ख) संचालक समितिको विद्यमान कोषाध्यक्ष एकजना - सदस्य

ग) संचालक समितिले तोकेको संचालक समितिको पदाधिकारी एकजना - सदस्य

**१८. <u>सदस्यता समितिको काम र्कतव्य :</u>**

(१) यस कार्यविधिको दफा (४) बमोजिमको प्राप्त निवेदन र सो साथ संलग्न कागज प्रमाणहरु र दफा (५) को उपदफा (२) बमोजिमको निवेदन सम्बन्धमा जाँचबुझ गर्ने ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा मनासिव देखिएमा समितिलाई सिफारिस गर्ने ।

(३) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा मनासिव नदेखिएमा कारण सहित सदस्य हुन चाहने कम्पनी वा संघ संस्थालाई जानकारी दिने ।

(४) समितिद्धारा स्वीकृति भएको अवस्थामा सदस्यता समितिले निवेदक कम्पनी वा संघ संस्थालाई ईमेलद्धारा सुचना दिने ।

**१९. <u>अन्य आवश्यक कुराहरु :</u>**

(१) यो कार्यविधि पारित हुनुअघि यस संस्थामा दर्ता रहेका विद्यमान सदस्यहरु स्वतःयस कार्यविधि अन्तर्गत दर्ता भएका सदस्यहरु मानिनेछन ।

२०. **संशोधन, खारेजी तथा बचाउ :**

(१) यो कार्यविधि आवश्यकतानुसार संचालक समितिले संशोधन गर्न सक्नेछ र त्यस्तो संशोधन निर्णय भएको मितिबाट लागु हुनेछ ।

(२) यो कार्यविधि प्रारम्भ हुनुअघि बनेको र प्रचलित अन्य सदस्यता सम्बन्धि सम्पूर्ण प्रावधानहरु खारेज भई यसै कार्यविधि अनुसार हुनेछ ।

(३) यो कार्यविधि संस्थाको प्रबन्ध पत्र तथा नियमावलीसंग बाझिएमा बाझिएको हदसम्म स्वतः रद्द हुनेछ ।

**समाप्त**

अनुसूची-१

**नम्बर ४(१) संग सम्बन्धित**

**<u>संस्थाको सदस्य हुन चाहने कम्पनी वा संघ संस्थाले संस्थाको मुख्य कार्यालयमा दिने निवेदनको ढाँचा</u>**

**श्री अध्यक्ष ज्यू,**

**सदस्यता समिति,**

**नेपाल एशोसिएशन फर सफ्टवेयर एण्ड आई.टी. सर्भिसेस् कम्पनीज्,**

**ललितपुर ।**

महोदय,

त्यस नेपाल एशोसिएशन फर सफ्टवेयर एण्ड आई.टी. सर्भिसेस् कम्पनीज्को ............ सदस्यता प्राप्त गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु ।

सदस्यताको किसिम :

मिति :

सहि :

नाम :

ठेगाना :

**(अध्यक्षले भर्ने)**

यो सूचना मिति.................... को दिनको.........बजे म समक्ष दाखिल भएको हो ।

सहि :

अध्यक्ष :

संस्थाको छाप :

अनुसूची-२

**नम्बर ४(६) संग सम्बन्धित**

**नेपाल एशोसिएशन फर सफ्टवेयर एण्ड आई.टी. सर्भिसेस् कम्पनीज्को**

**सदस्यता प्रमाणपत्र**

मिति :

श्री..............................

..................................

विषयः प्रमाण पत्र ।

नेपाल एशोसिएशन फर सफ्टवेयर एण्ड आई.टी. सर्भिसेस् कम्पनीज्को सदस्यता समितिको सिफारिसबमोजिम मिति............................. मा बसेको सञ्चालक समितिको निर्णय अनुरुप त्यस .................................................. कम्पनीलाई यस संस्थाको प्रबन्ध पत्र, नियमावली तथा सदस्यता प्राप्ति तथा नविकरण कार्यविधि २०८० समेतको आधारमा कर्पोरेट सदस्यता / एशोसिएट सदस्यता प्रदान गरि यो प्रमाण पत्र प्रदान गरिएको छ ।

मिति :

सहि :

अध्यक्ष :

संस्थाको छाप :

अनुसूची-३

**नम्बर ११(१) संग सम्बन्धित**

**<u>सदस्यता परिणत गर्न चाहने कम्पनी वा संघ संस्थाले दिनूपर्ने आवेदनको ढाँचा</u>**

**श्री अध्यक्ष ज्यू,**

**सदस्यता समिति,**

**नेपाल एशोसिएशन फर सफ्टवेयर एण्ड आई.टी. सर्भिसेस् कम्पनीज्,**

**ललितपुर ।**

महोदय,

यस ...................................................... ले मिति ............ मा त्यस संस्थाको संस्थागत ................ सदस्यता ग्रहण गरि विगत ........ वर्ष/महिना देखि नेपाल एशोसिएशन फर सफ्टवेयर एण्ड आई.टी. सर्भिसेस् कम्पनीज्को सदस्य भई आएकोमा यस ................................ को मिति ............ मा बसेको संचालक समितिको निर्णय अनुसार हाल कायम रहेको संस्थागत ...................................... सदस्यतालाई .......................... सदस्यता परिणत गर्न यो निवेदन पेश गरेको छु/छौं ।

मिति :

सहि :

नाम :

ठेगाना :

**(अध्यक्षले भर्ने)**

यो सूचना मिति.................... को दिनको.........बजे मेरो समक्ष दाखिल भएको हो ।

सहि :

अध्यक्ष :

संस्थाको छाप :

अनुसूची-४

**नम्बर १४(१) संग सम्बन्धित**

**<u>सदस्यता शुल्कमा छुट प्राप्त गर्न पेश गरिने निवेदनको ढाँचामा</u>**

**श्री अध्यक्ष ज्यू,**
**सदस्यता समिति,**
**नेपाल एशोसिएशन फर सफ्टवेयर एण्ड आई.टी. सर्भिसेस् कम्पनीज्,**
**ललितपुर ।**

महोदय,

त्यस नेपाल एशोसिएशन फर सफ्टवेयर एण्ड आई.टी. सर्भिसेस् कम्पनीज्को ***कर्पोरेट सदस्यता / एशोसिएट सदस्यता*** प्राप्त गर्न इच्छा भएकोमा निम्न बमोजिमको कारण खुलाई सदस्यता शुल्कमा छुट प्रदान गर्न यो निवेदन पेश गरेको छु/छौं ।

सदस्यताको किसिम :

सदस्यता शुल्कमा छुट प्राप्त गर्ने कारण :

मिति :

सहि :

नाम :

ठेगाना :

**(अध्यक्षले भर्ने)**

यो सूचना मिति..................... को दिनको.........बजे म समक्ष दाखिल भएको हो ।

सहि :

अध्यक्ष :

संस्थाको छाप :